"हाम्रो उर्लेनी आ.वि.को शान !
समावेशी शिक्षा पहिलो अभियान !!"



# श्री उर्लेनी आधारभूत विद्यालय

## हेलम्बु गाउँपालिका वडा नं. ५, उर्लेनी



# विद्यालय प्रोफाइल

## २०८०

## कक्षागत विद्यार्थीको तथ्याङ्क-२०८०

| क्र.सं | विवरण | जम्मा विद्यार्थी संख्या | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | | | दलित | अपाङ्गता भएका | सीमान्तकृत | |
| | | छात्र | छात्रा | जम्मा | | | | |
| १ | प्रारम्भिक बालविकास | | | | | - | - | |
| २ | प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना | ४ | ६ | १० | | - | - | |
| ३ | कक्षा २ | | ६ | ६ | | - | - | |
| ४ | कक्षा ३ | २ | ४ | ६ | | - | - | |
| ५ | कक्षा ४ | | | | | - | - | |
| कक्षा CED देखि ४ सम्मको जम्मा संख्या | | ६ | १६ | २२ | | - | - | |

**विद्यालयमा प्रतिनिधित्व गर्ने समुदाय र ती समुदायबाट बालबालिकाहरुलाई विद्यालय आउन लाग्ने समय**

## १. परिचय:

### १.१ विद्यालयको भौगोलिक अवस्था:

यो विद्यालय हेलम्बु ५ को उर्लेनी समुदायमा रहेको विद्यालयको चारैतिर डाडाँहरुले ढाकेको र बिचमा गहिराई परेको भूभागमा रहेको छ। उर्लेनी विद्यालयको पश्चिममा मेलम्ची नगरपालिकाको समुदाय पूर्वमा मानेडोडा र ज्ञानोदय विद्यालय, उत्तरमा उर्लेनी समुदाय रसुवाको सिमाना जोडिएको छ भने दक्षिणमा तालामाराङ रहेको छ। हेलम्बु गा.पा.को बत्ति मुनिको उज्यालो भने झैं यो क्षेत्रको भौगोलिक बनाबट जोखिमयुक्त रहेको छ। यहां सुख्खा जमिन भएको र पानीको मुहान तथा पानीका श्रोतहरुको समस्या छ। साथै मकै, कोदो, गहुँ जस्ता उत्पादन हुने गर्छ। यहाँको जनजीवन बैदेशिक रोजगारी र ज्याला मजदुरीमा आश्रित छ।

### १.२ विद्यालय स्थापनाको लागि योगदान गर्ने व्यक्ति तथा संस्था:

यो उर्लेनी विद्यालय हेलम्बु-५ उर्लेनी समुदायमा अबस्थित छ। यस समुदायमा भएका शिक्षा प्रेमी, समाजसेवी, तथा गन्यमान्यहरुबाट २०४७ सालमा यो विद्यालयको आवश्यकता महसुस स्थापना गरिएको थियो। यहाँ परापूर्वकालमा नालुङ भन्दै आएको र तामाङ भाषामा उक्त नालुङ शब्दलाई परिमार्जन गरेर उर्लेनी भनी नाम राखिएको स्थानीय बासिन्दाहरुको भनाइ छ। यस समुदायमा गङ्गेश्वर माहादेव भनेर चिनिने र जनैपुर्णिमामा मेला लाग्ने धार्मिक स्थल पनि रहेको छ। सुरुमा विद्यालय सञ्चालन गर्दा २ कोठे कटुसको पातले छाएर बनेको छाप्रो थियो भने फर्निचर केहि पनि थिएन।त्यसपछि बिर बहादुर तामाङले श्री राम बहादुर तामाङको सहयोगमा २०४८ सालमा विद्यालय सञ्चालन समिति बनाएका थिए। २०५० सालमा पनि फेरि बिर बहादुर तामाङ नै अध्यक्ष भई जिल्ला शिक्षा कार्यालयमा पहल गरी राम बहादुर तामाङलाई शिक्षक दरबन्दीका रुपमा सरुवा गरी ल्याएका थिए। २०६१ सालमा २ जना शिक्षक दरबन्दी भई योग बहादुर अर्याल शिक्षकको रुपमा आउनु भएको थियो। भूकम्प पश्चात् कारितास नेपालको सहयोगमा २ वटा ४ कोठे भवन बनेर हाल विद्यालय सञ्चालनमा आइरहेको छ।

## २. विद्यालय सेवाक्षेत्रका समुदाय:

### २.१ समुदायका मानिसका बसाई सराईको अवस्था:

यो विद्यालयको क्षेत्र लगायत अधिकाशं समुदायको भूभाग पहिरोको उच्च जोखिममा रहेको छ। त्यसकारण भविष्यमा यो वस्ती नै स्थानान्तरण हुने पक्का छ। बस्तिका अधिकांश मानिसहरुको प्राकृतिक बिपत्तिले गराएको यो स्थानान्तरणले विद्यार्थी संख्या घट्ने सुनिश्चत नै छ। यस समुदायका मानिसहरु बैदेशिक रोजगारमा जाने गरेको पाइएको छ।

### २.३ विद्यालयको समुदायमा जीविकोपार्जनको अवस्था:

यस विद्यालयको सेवा क्षेत्रमा पर्ने २ वटा गाँउहरु उर्लेनी र साँर्प्रेको भूभाग कृषिका लागि उपयुक्त नभएतापनि याहाँको धेरैजसो मानिसहरुको जनजीवन यो पेशामा नै आवद्ध छ। दैनिक ज्यालमजदुरीले पनि धेरै परिबारहरुको गुजारा चलेको छ। बैदेशिक रोजगार पनि यस ठाँउका मानिसहरु आयस्रोतको अर्को महत्वपूर्ण स्रोत हो।

### २.४ विद्यालय क्षेत्रभत्रको समुदाय र विद्यालय जाने उमेरका बालबालिकाको अवस्था:

| क्र.स. | वस्तीको नाम | विद्यालय बाहिर रहेका बालबालिकाको संख्या | बिचैमा विद्यालय छाडेका बालबालिका |
|---|---|---|---|
| १. | उर्लेनी | छैन | छैन |
| २. | साँर्प्रे | छैन | छैन |

### २.५ विद्यालयबाट अन्यत्र गएका बालबालिकाको विवरण:

**शैक्षिक बर्ष २०८०/०८१**

| क्र.स. | वस्तीको नाम | गुम्बा | अन्य विद्यालय | अन्य ठाउँ | जम्मा |
|---|---|---|---|---|---|
| १. | उर्लेनी | छैन | छैन | छैन | छैन |
| २. | साँर्प्रे | छैन | छैन | छैन | छैन |

**शैक्षिक सत्र २०७९/८०**

| क्र.स. | वस्तीको नाम | गुम्बा | अन्य विद्यालय | अन्य ठाउँ | जम्मा |
|---|---|---|---|---|---|
| १. | उर्लेनी | छैन | छैन | छैन | छैन |
| २. | साँर्प्रे | छैन | छैन | छैन | छैन |

**शैक्षिक सत्र २०७८/०७९**

| क.स. | वस्तीको नाम | गुम्बा | अन्य बिद्यालय | अन्य ठाउँ | जम्मा |
|---|---|---|---|---|---|
| १. | उर्लेनी | छैन | छैन | छैन | छैन |
| | साँर्प्रे | छैन | छैन | छैन | छैन |

## ३. भौतिक पूर्वाधारः

### ३.१ विद्यालयको भौतिक सम्पत्तिको अबस्थाः

यो बिद्यालयमा २ पक्की भबनमा ४ वटा कोठाहरु छन् ।कक्षा १ देखि ३ सम्म चलेको यो विद्यालयमा विद्यार्थीहरुका लागि पुग्ने कक्षाकोठा र भौतिक संरचना रहेको छ।कक्षा ३ सम्म चलेको यो विद्यालयमा भान्साकोठाको भने अभाब रहेको छ ।

| भौतिक संरचनाको नाम | उपलब्ध संख्या | कैफियत |
|---|---|---|
| कक्षाकोठा | २ | |
| कार्यालय कोठा | ३ | |
| बैठक कोठा | - | |
| शौचालय संख्या | ३ (छात्र, छात्रा र स्टाफ) | |
| खानेपानीको ब्यबस्था | छ | |
| खेल मैदान | छ | |
| फर्निचर | छ | |
| डेस्क बेन्च | २४ सेट | |
| कुर्सी | २१ | |
| सेतोपाटी | ३ | |
| दराज | २ | |
| किचेन गार्डन | १ | |

### ३.१.२ विद्यालयमा दिवा खाजाको व्यवस्था सम्बन्धी


विद्यालयमा दिवा खाजाको राम्रो प्रबन्ध गरिएको छ । दिबा खाजा विद्यालयले नै स्थानीय स्तरमा उपलब्ध स्रोत सामग्रीबाट बनाउने गरेको छ । कक्षा १- ५ का लागि संघीय सरकार र ५ भन्दा माथिका लागि हेलम्बु गाउँपालिकाले ब्यबस्था गरेको छ । जाडो महिनामा यो विद्यालयमा तातो पानीको आवश्यकता पर्दछ ।

### ३.२ बालविकास (ECD) कक्षाः

यो विद्यालयमा ECD कक्षा नभएको र बालबालिका सिधै कक्षा १ मा भर्ना हुने गरेका छन् । जसका कारण उनीहरुले बालकक्षामा सिक्नुपर्ने कुराहरुलाई कक्षा १ सिक्नु पर्दा र सिकाउनु पर्दा उनीहरुको सिकाइ उपलब्धी वृद्धि हुन अप्ठेरो परेको छ ।

### ३.३ विद्यालयको अचल सम्पत्तिः

यस उर्लेनी आधारभूत विद्यालयको १ रोपनीमा विद्यालय भवन भएको छ।


नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय..............
जग्गाधनी संकेत नम्बर : OG000002238

**जग्गाधनी दर्ता प्रमाण पूर्जा**

संस्थाको नामः श्री उर्लेनी आधारभूत विद्यालय
ठेगानाः जिल्लाः सिन्धुपाल्चोक गा.पा. / न.पा. / गा. वि. स.: हेलम्बु गाउँपालिका वार्ड नं.: ५
दर्ता नं.: २३०४४०००१
जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक
वेबसाइटः ईमेलः
दर्ता मिति (वि.सं.): २०७५/१२/२१

संस्थाको छाप प्रमाणित गर्नेको दस्तखत

| साविक कित्ता नं. | प्रमाण संकेत / कारोबार व्यहोरा | जिल्ला / गा. वि. स. / न. पा. | वार्ड नं. / नक्सा सीट नं. | कित्ता नं. / खण्ड नं. | विवरण (घर, आवादी, इत्यादि) | जग्गाधनी को हकहिस्सा | मोहीको नाम थर | किसिम वा वर्ग | क्षेत्रफल / व.मि. | कैफियत | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| [illegible] | २०७५/१२/२५ RL0002930 दान-पत्र लिखत पारित | सिन्धुपाल्चोक महांकाल | ३ ३ | १०५ ० | आवादी रैकर निजी | एकलौटी | | भिट/पाखो/बारी बाहार | ०-२-०-० (रोपनी) ६३.५८ | | |

जम्मा क्षेत्रफल ६३.५८ वर्ग मिटर

श्री उर्लेनी आधारभूत विद्यालय
प्रिन्ट गर्नेको दस्तखत ..........
प्रिन्ट गर्नेको नाम : कविराज [illegible]
प्रिन्ट मिति : २०७५/१२/२५
रुजु गर्नेको दस्तखत ..........

## ४. विद्यालय व्यवस्थापन समितिः


२०७९/०९/२८ गतेका दिन सम्पूर्ण अभिभावकको उपस्थितिमा श्री काले तामाङको नेतृत्वमा विद्यालय व्यवस्थापन समिति गठन भएको थियो। उक्त समितिमा हेलम्बु गाउँपालिका वडा नम्बर ५ का वडाध्यक्ष श्री दिप कुमार तामाङ पदेन सदस्य हुनुहुन्छ।

| क्र.सं | नाम थर | पद | लिङ्ग | प्रतिनिधित्व | सम्पर्क नम्वर | जात | अपाङ्गता | शैक्षिक स्तर |
|---|---|---|---|---|---|---|---|---|
| १ | काले तामाङ | अध्यक्ष | पुरुष | अभिभावक | ९८२८०१७३११ | जनजाति | छ | साक्षर |
| २ | आशामायाँ तामाङ | सदस्य | महिला | अभिभावक | ९८१८४२७१३४ | जनजाति | छैन | साक्षर |
| ३ | सानुकान्छा तामाङ | सदस्य | पुरुष | अभिभावक | ९८१०३८७७७१ | जनजाति | छैन | साक्षर |
| ४ | चिरिमायाँ तामाङ | सदस्य | पुरुष | अभिभावक | - | जनजाति | छैन | साक्षर |
| ५ | दिप कु तामाङ | सदस्य | पुरुष | वडा अध्यक्ष | ९८४११३५३१६ | जनजाति | छैन | साक्षर |
| ६ | राम ब. तामाङ | सदस्य | महिला | शिक्षक प्रतिनिधि | - | जनजाती | छैन | आइ एड |
| ७ | श्रीमाया तामाङ | सदस्य सचिव | पुरुष | प्रधानाध्यापक | ९८६०७२१६८९ | जनजाति | छैन | +2 |

## ५. विद्यालयमा अन्य व्यवस्थाः

विद्यालय सहज सञ्चालन गर्नका लागि विभिन्न समूह तथा समितिको आवश्यकता पर्ने हुन्छ जस अन्तर्गत यो विद्यालयमा बालक्लब, विद्यालय स्तरीय विपद् व्यवस्थापन समिति लगायतको व्यवस्था रहेको छ । बाल अधिकार तथा बाल संरक्षण फोकल व्यक्ति राम ब. तामाङ हुनुहुन्छ ।

### ५.१ सुरक्षित बहिर्गमन नक्सा




## ६. शिक्षक अभिभावक संघः

विद्यालय व्यवस्थापन समितिकै गठन भएको दिन वि.व्य.स.को नेतृत्वमा बिर बहादुर तामाङको संयोजकत्वमा शिक्षक अभिभावक संघ गठन भएको थियो । ९ सदस्यीय शि.अ.स.मा शिक्षक एवम प्रधानाध्यापकको फेरबदलले समितिमा पनि फेरबदलको प्रभाव परेको देखिन्छ ।

### ६.१ पदाधिकारीहरुको नामः

| क्र.सं | नाम थर | पद | लिङ्ग | प्रतिनिधित्व | सम्पर्क नम्बर | जात | अपाङ्गता | शैक्षिक स्तर |
|---|---|---|---|---|---|---|---|---|
| १ | विर ब तामाङ | अध्यक्ष | पुरुष | अभिभावक | - | जनजाति | छैन | साक्षर |
| २ | साइला तामाङ | सदस्य | पुरुष | अभिभावक | ९८०३३६१८१६ | जनजाति | छैन | साक्षर |
| ३ | सुकुमायाँ तामाङ | सदस्य | महिला | अभिभावक | ९८०३१७३९९७ | जनजाति | छैन | साक्षर |
| ४ | सानुकान्छा तामाङ | सदस्य | पुरुष | अभिभावक | ९८१८५११६२६ | जनजाति | छैन | साक्षर |
| ५ | साइली तामाङ | सदस्य | महिला | अभिभावक | ९८०८४५५२१५ | जनजाति | छैन | साक्षर |
| ६ | बिर बहादुर तामाङ | सदस्य | पुरुष | अभिभावक | ९८१८२३७५९१ | जनजाति | छैन | साक्षर |
| ७ | सुवास तामाङ | सदस्य | पुरुष | अभिभावक | ९८६६४६४५०६ | जनजाति | छैन | साक्षर |
| ८ | श्रीमायाँ तामाङ | सदस्य | महिला | प्रधानाध्यापक | ९८१८७७८४४१ | | | १०+२ |
| ९ | राम ब. तामाङ | सदस्य | महिला | शिक्षक प्रतिनिधि | - | जनजाती | छैन | + 2 |

### ६.२ शिक्षक अभिभावक संघको बैठक:

विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको बैठक सयुंक्त बस्ने गरेको छ। २०८०बर्षमा ५ पटक बसेको छ।



## ७. शिक्षक कर्मचारीको अवस्था:

### ७.१ शिक्षक विवरण:

| क्र.स. | शिक्षको नाम | पद | तह | किसिम | योग्यता | प्राप्त तालिमको नाम |
|---|---|---|---|---|---|---|
| १ | श्रीमाया तामाङ | प्र.अ. | प्रा.बि. | करार | +2 | ECD तालिम |
| २ | राम ब. तामाङ | शिक्षक | प्रा.बि. | स्थाइ | +2 | ECD तालिम |
| ३ | आइती तामाङ | का.स. | - | अनुदान | +2 | - |


### ७.२ तहगत शिक्षक संख्या:

यस विद्यालयमा हाल कार्यरत शिक्षकहरुको तहगत र बिषयगत विवरण यस प्रकार छ।

| तह | सञ्चालित सेक्सन संख्या | शिक्षक संख्या | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्रकार | | | जम्मा | | |
| | | **स्वीकृत दरवन्दी** | **राहत** | **निजी स्रोत र अन्य** | **जम्मा** | **महिला** | |
| प्रारम्भिक बालविकास | - | - | - | - | - | - | |
| आधारभूत कक्षा १-३ | | २ | - | - | २ | १ | |
| जम्मा | | | | | २ | १ | |

### ८.१ विद्यार्थी संख्या तथा विद्यालय संचालनको अबस्था:

यस खण्डमा तीन शैक्षिक सत्रको विद्यार्थी संख्या प्रस्तुत गरिएको छ ।




### ८.२ विद्यालय सञ्चालनको अवस्था

यस विद्यालयमा गत शैक्षिक सत्रको विद्यालय सञ्चालनको अवस्था यस प्रकार छ ।

| क्र.सं. | विवरण | वार्षिक औसत दिन | निर्धारित मापदण्ड |
|---|---|---|---|
| १ | विद्यालय खुलेको दिन | २०२ | २२० दिन भन्दा बढी |
| २ | पठनपाठन भएको दिन | १९० | न्यूनतम वार्षिक<br>कक्षा १-५ को १९२<br>कक्षा ६-८ को २१०<br>माध्यामिक २२० दिन |
| ३ | प्रारम्भिक बालविकासका विद्यार्थीको औसत उपस्थिति | १९२ | न्युनतम वार्षिक १९२ |
| ४ | कक्षा १-३ का विद्यार्थिको औसत उपस्थिति | ८५% | न्युनतम वार्षिक २१० |
| ५. | विद्यालयमा शिक्षकको औसत उपस्थिति | ९६% | विद्यालय खुलेको दिन मध्ये ९२% |

## ९. विद्यालय सुधार योजना:

(क) हाल कार्यान्वयनमा रहेको विद्यालय सुधार योजना माथि उल्लेख गरिएअनुसारको समस्याहरुलाई सकेसम्म सम्वोधन गर्ने गरी बनेको देखिन्छ। योजना २०८० देखि २०८४ सम्म पाँच वर्षको लागि बनाइएको छ। उक्त योजनामा हरेक वर्षको छुट्टै वार्षिक योजना रहेको छ। अभिभावक तथा सरोकारवालाहरुको दुईदिने कार्यशाला मार्फत उक्त योजना मस्यौदा समितिले तयार गरी अन्तिम रुप दिइएको हो। योजनामा विद्यालय सुधारको लागि बजेटरी तथा नन्बजेटरी दुबै प्रकारको क्रियाकलापहरु समावेश गरिएको छ।

(ख) वि.सु.यो. निर्माण गर्दा विद्यालय तल उल्लेख गरिए अनुसार प्रकृया अपनाईको थियो।




## १०. वार्षिक योजना तथा बजेट:

| श्रोत | ०७४/०७५ | ०७५/०७६ | ०७६/०७७ | ०७७/०७८ | ०७८/०७९ |
|---|---|---|---|---|---|
| गा.पा | | | | | |
| शसर्त | | | | | |
| निजि | | | | | |
| जम्मा | १,१५,०४,३०१ | १०,५५,०१९.१५ | १२,५८,१५२.४७ | १३,०९,७३१ | १३,८६,९०१.३५ |

## ११. विद्यालयको सुशासन:

विद्यालयको गतिबिधिहरुलाई समुदाय स्तरमा पुऱ्याउनका लागि विद्यालयले अपनाउदै आएका सूचना तथा सञ्चारका गतिबिधिहरु तपसिल बमोजिमका रहेका छन् ।

| | |
|---|---|
| **फेसबुक पेज** | **बाल क्लब** |
| **सामाजिक लेखा परीक्षण** | **विद्यालय स्तरीय विपद् व्यवस्थापन समिति** |

## १२. बिद्यालयका सबल पक्षहरु:

- बालमैत्री कक्षाकोठा भएको, कक्षाकोठामा प्रशस्त मात्रामा कथा, कबिता लगायत सन्दर्भ सामग्रीहरुको किताबहरु भएको, खाने पानी व्यबस्थापन राम्रो भएको, खेलमैदान र घेराबार, शौचालय, पोषिलो दिवा खाजा, नि:शुल्क पाठ्यपुस्तक, किचेन गार्डन राम्रो, बालक्लब गठन, वि.व्य.स. र शि.अ.स. सक्रिय, विभिन्न अतिरिक्त क्रियाकलाप, दिवसीय कार्यक्रम भएको ।

## १३. चुनौती तथा समस्या:

- आन्तरिक रुपमा समाधान गर्न नसकिने समस्या चुनौति हो। जस्तै: गाउँमा छेवार, घेवा वा अन्य कुनै साँस्कृतिक तथा धार्मिक गतिविधि गाउँमा हुँदा बालबालिकाहरु विद्यालयमा अनुपस्थित हुन्छन् ।
- अन्तमा भौगोलिक बिकटता त्यसमाथि पहिरोको समस्याले यो विद्यालय क्षेत्र र समुदायमा निकै जटिल समस्या रहेको छ । विद्यार्थीहरुको घट्दो जनसंख्याले गर्दा पनि भबिष्यमा विद्यालयलाई असर पुग्छ कि भन्ने आँकलन गर्न सकिन्छ । यधपि हालको विद्यालय व्यवस्थापनको सबालमा भने विद्यालय परिवारले निकै मेहनत गरेको कक्षाकोठाका सजाबट र विद्यालयको बातावरणले प्रष्ट नै पर्दछ ।


### विद्यार्थीको सिकाइ उपलब्धी विवरण: २०७९

| कक्षा | अनिवार्य विषयहरुको विषयगत औसत सिकाइ उपलब्धी | | | | | कक्षागत औसत सिकाइ उपलब्धी |
|---|---|---|---|---|---|---|
| | नेपाली | अंग्रेजी | गणित | मेरो सेरोफेरो/सामाजिक | ऐच्छिक विषय | |
| कक्षा १ | ६५ | ४७ | ५० | ५० | ५६ | ५३.६ |
| कक्षा २ | ७० | ५९ | ५५ | ५८ | ७६ | ६३.६ |
| कक्षा ३ | ७७ | ५३ | ५९ | ६९ | ६५ | ६४.६ |
| जम्मा | ७० | ५३ | ५७ | ५९ | ६५ | ६०.८ |

## विद्यार्थीको सिकाइ उपलब्धी विवरण: २०८०

| कक्षा | विद्यार्थी संख्या | अनिवार्य विषयहरुको विषयगत औसत सिकाइ उपलब्धी | | | | | | | कक्षागत औसत सिकाइ उपलब्धी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | नेपाली | अंग्रेजी | गणित | मेरो सेरोफेरो /सामाजिक | विज्ञान | स्थानीय भाषा | OPT./स्वास्थय तथा शारीरीक | |
| इ.सि.डी. | | | | | | | | | |
| कक्षा १ | १० | ५२ | ५१ | ६० | ५१ | | ५६ | | ५४% |
| कक्षा २ | ६ | ५९ | ६४ | ६३ | ६४ | | ६५ | | ६३% |
| कक्षा ३ | ६ | ७५ | ७४ | ७७ | ७२ | | ८२ | | ७६% |
| औसत १-३ | | ६२% | ६३% | ६६% | ६२% | | ६७% | | |

# हेलम्बुको नक्सा र उर्लेनी आधारभूत विद्यालय




**Legend**

**Schools**

1 Urleni BS
2 **Bhanjyang BS**
3 Srijana BS
4 Siddhartha BS
5 **Sarbodaya SS**
6 **Padmeshwori BS**
7 Gyanodaya BS
8 Mahakali Nindeshwori BS
9 Saraswoti SS
10 East Point SS
11 Mahendra BS
12 Harisidhi BS
13 Pating BS
14 Mahakaleshwori BS
15 Dhapsung BS
16 Helambu Boddhisattva Model SS
17 Ichok SS
18 Mahendra SS
19 Manikantheshwori BS
20 Sathdhara BS
21 Risankhumane BS
22 Jayabageshwori SS
23 Ishing BS
24 Palchowk SS
25 Yangrima SS
26 Setidevi BS
27 Chitre BS
28 Bhumeshwori SS
29 Golmadevi SS
30 Sarkathali BS
31 Pemachholing SS
32 Gorakhnath BS
33 Melamchighyang SS
34 Bolde BS
35 Nurbuling SS

Email: urlenibasicschool@gmail.com

Lat: N27°51'51" Long: 85°30'16" Altd: 1460m